# सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०६।०७

**संशोधन**

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९: २०७९।११।१५
केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

**प्रस्तावना**ः प्रदेशको सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी एवम् सेवा, कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन, विकासका लागि सार्वजनिक निजी सहकारी साझेदारी तथा विदेशी लगानीलाई परिचालन गरी अत्यावश्यक परियोजनाको निर्माण तथा विकास गरी सबल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्रको विकास गर्दै रोजगारीका अवसर समेत सिर्जना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउन एक अधिकार सम्पन्न स्वायत्त सार्वजनिक, निजी सहकारी साझेदारी लगानी प्राधिकरण गठन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**कार्यालय**" भन्नाले प्राधिकरणको नियमित काम सम्पादन गर्न यस ऐन बमोजिम तोकिएको कार्यालय सम्झनु पर्छ ।

(ख) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "**परियोजना**" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानीमा निर्माण, विकास गरिने पूर्वाधार, कृषि तथा औद्योगिक उत्पादन र सेवा क्षेत्रमा संचालन गरिने आयोजना सम्झनु पर्छ। सो शब्दले संघीय सरकारको अनुमतिमा यस ऐन र प्रचलित कानून बमोजिम विदेशी लगानीमा सञ्चालन गरिने आयोजना समेतलाई बुझाउँछ।

(घ) "**प्रदेश सरकार**" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ङ) **"प्राधिकरण"** भन्नाले दफा (४) बमोजिम गठित सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण सम्झनु पर्छ।

(च) "**प्रमुख कार्यकारी निर्देशक**" भन्नाले यस ऐनको दफा (७) बमोजिम नियुक्त हुने प्रशासकीय प्रमुख भै काम गर्ने अधिकृत सम्झनु पर्छ।

(छ) **"बोर्ड"** भन्नाले संघीय कानून बमोजिमको सार्वजनिक निजी साझेदारी तथा लगानी बोर्ड सम्झनुपर्छ।

(ज) **"अध्यक्ष"** भन्नाले प्राधिकरणको अध्यक्षलाई सम्झनु पर्छ।

(झ) **"सदस्य"** भन्नाले प्राधिकरणको सदस्यलाई सम्झनु पर्छ।

(ञ) **"लगानी"** भन्नाले यस ऐन बमोजिमका परियोजनामा हुने स्वदेशी तथा विदेशी आर्थिक लगानी सम्झनु पर्छ।

▽(ट) "**विकासकर्ता**" भन्नाले यस ऐन बमोजिमका कुनै परियोजनाको विकासमा स्वदेशी वा विदेशी आर्थिक वा अन्य यस्तै प्रकारको लगानी गर्ने लगानीकर्तालाई सम्झनु पर्छ।

▽(ठ) "**सम्झौता**" भन्नाले दफा ३ अनुसार परियोजना कार्यान्वयन गर्न विकासकर्तासँग गरिने परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा अन्य यस्तै प्रकारका लगानीकर्ता तथा साझेदार वा सम्बन्धित निकाय बिचमा परियोजना सम्बन्धमा सम्पन्न हुने द्विपक्षीय वा बहुपक्षीय सम्झौता समेतलाई सम्झनु पर्छ।

▽(ड) "**सम्भाव्यता अध्ययन**" भन्नाले परियोजना विकासकर्ताले कुनै परियोजनाका सम्बन्धमा गरेको प्रारम्भिक वा विस्तृत सम्भाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदन वा परियोजनाको निर्माण गर्नको लागि गरिएको अन्य कुनै यस्तै प्रकारका प्रतिवेदन समेतलाई सम्झनु पर्छ।

३. **लगानी स्वीकृतिः** (१) नेपालको संविधान प्रचलित संघीय कानून, प्रदेश कानून समेतका आधारमा तोकिए बमोजिमको रकम लगानी हुने सार्वजनिक, निजी सहकारी तथा साझेदारीमा कार्यान्वयन गरिने सबै परियोजनाको सर्भेक्षण स्वीकृति र अनुमति प्राधिकरणबाट हुनेछ।

(२) संघीय क्षेत्राधिकार भएका कुनै पनि परियोजना नेपाल सरकार वा बोर्डको सहमति प्राप्त गरी प्राधिकरणले त्यस्ता परियोजनाको सर्भेक्षण अनुमति तथा स्वीकृति प्रदान गर्न वा सञ्चालन गर्न सक्नेछ।

▽(३) प्रदेश सरकारको क्षेत्रभित्र परेका परियोजनाको विकासका लागि सम्भाव्यता अध्ययन गर्न चाहने विकासकर्ताले प्रस्ताव पेस गर्न सक्नेछ।

▽(४) उपदफा (३) बमोजिमको प्रस्ताव तोकिए बमोजिम मूल्याङ्कन गरिनेछ र अध्ययनका लागि सर्भेक्षण अनुमतिपत्र प्राधिकरणले प्रदान गर्नेछ।

▽(५) प्रदेश सरकारको क्षेत्रभित्र परेका परियोजनाको विकासका लागि सम्भाव्यता अध्ययन गर्न सर्भेक्षण अनुमतिपत्र प्रदान गर्नु अघि तोकिए बमोजिमको कार्यसम्पादन जमानत तथा दस्तुर लिई प्राधिकरण र विकासकर्ता बिच तोकिए बमोजिमको सर्त र ढाँचामा समझदारी पत्र गर्नुपर्नेछ।

▽(६) सम्भाव्यता अध्ययनका लागि सर्भेक्षण अनुमतिपत्र प्राप्त गरेका विकासकर्ताले पेस गरेको प्रतिवेदन प्रचलित कानून तथा समझदारीपत्रको व्यवस्था अनुसार तोकिए बमोजिम मूल्याङ्कन गरी निर्णयको लागि प्राधिकरणमा पेस गर्नुपर्नेछ।

▽(७) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनसँग सम्बन्धित परियोजना नेपालको संविधान, प्रचलित संघीय कानून, प्रदेश कानून समेतका आधारमा प्रदेश सरकारबाट लगानी स्वीकृति तथा कार्यान्वयन गर्न सकिने भएमा सार्वजनिक निजी साझेदारी वा सहकारी वा निजी वा अन्य कुनै अवधारणाबाट तथा दफा ३१ बमोजिमको कुनै तरिकाबाट कार्यान्वयन हुने भए सोको निर्णय गरी प्राधिकरण र विकासकर्ता बिच तोकिए बमोजिमको सर्त र ढाँचामा सम्झौता गर्नुपर्नेछ।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

▽(८) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनसँग सम्बन्धित परियोजना नेपालको संविधान, प्रचलित संघीय कानून, प्रदेश कानून समेतका आधारमा प्रदेश सरकारबाट लगानी स्वीकृति तथा कार्यान्वयन गर्न नसकिने भएमा त्यस्तो परियोजना प्राधिकरणले प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेको सूची स्वीकृत गरी संघीय कानूनका व्यवस्थाका अधीनमा रही प्रदेश सरकार मार्फत बोर्ड वा संघीय सरकारको सम्बन्धित निकायमा लगानी स्वीकृति तथा परियोजना कार्यान्वयनको लागि पठाउनेछ।

▽(९) उपदफा (८) बमोजिम बोर्ड वा संघीय सरकारको सम्बन्धित निकायबाट लगानी स्वीकृति तथा परियोजना कार्यान्वयनको स्वीकृति प्राप्त भएमा प्राधिकरणले विकासकर्तासँग सम्झौता गर्नेछ।

४. प्राधिकरणको गठनः □(१) लगानीको वातावरण सृजना गरी आयोजना तथा परियोजना क्षेत्रमा सार्वजनिक निजी साझेदारी तथा लगानीका माध्यमबाट र स्वेदेशी तथा विदेशी लगानी परिचालन गर्न देहाय बमोजिमको एक सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण गठन हुनेछः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) कानून विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (ग) आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (घ) खानेपानी, सिचाँईतथा उर्जा विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (ङ) सडक, पूर्वाधार र सहरी विकासको विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (च) उद्योग विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (छ) पर्यटन विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (ज) वन र वातावरण विषय हेर्ने मन्त्रालयको मन्त्री | -सदस्य |
| (झ) प्रदेश योजना आयोगको उपाध्यक्ष – सदस्य | |
| □(ञ) प्रमुख सचिव | -सदस्य |
| (ट) प्रदेश सरकारले मनोनयन गरेको कम्तीमा एक महिला सहित तीन जना | -सदस्य |
| (ठ) प्रमुख कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको प्रमुख कार्यकारी निर्देशक दफा ९ बमोजिम नियुक्त नहुँदासम्म प्रदेश सरकारकले तोकेको प्रदेश सरकारको मन्त्रालयको सचिवले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ।

५. **<u>प्राधिकरण स्वशासित र संगठित संस्था हुने</u>**: (१) प्राधिकरण एक स्वशासित, अविछिन्न उत्तराधिकारवाला र संगठित संस्था हुनेछ।

(२) प्राधिकरणको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

६. **सदस्य सम्बन्धी व्यवस्था**: (१) दफा ४ को खण्ड (ज) बमोजिम नियुक्ति हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) नियुक्ति हुदाका बखत पैंतिस वर्ष उमेर पूरा भएको,

(ग) प्रचलित कानून बमोजिम अयोग्य नभएको वा फौजदारी कसुरमा अदालतबाट दोषी नठहरिएको।

(२) यस ऐन बमोजिम नियुक्त हुने सदस्यको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र त्यस्तो सदस्य पुनः नियुक्तिको लागि योग्य मानिनेछ।

(३) यस ऐन बमोजिम नियुक्त भएको सदस्य देहायको अवस्थामा पदमुक्त हुनेछः-

(क) निजले अध्यक्ष समक्ष राजीनामा दिएमा,

(ख) निजको काम सन्तोषजनक नभएको भनी प्राधिकरणको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

तर पदमुक्त गर्नु अघि निजलाई मनासिब माफिकको सफाई पेस गर्ने मौका दिनु पर्नेछ,

(ग) पदावधि पूरा भएमा,

(घ) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) नैतिक पतन हुने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठरहेमा।

(४) उपदफा (३) बमोजिम सदस्य पदमुक्त भएमा त्यस्तो सदस्यको स्थानमा यस ऐन बमोजिमको योग्यता पुगेको अर्को व्यक्तिलाई बाँकी अवधिको लागि सदस्यमा नियुक्त गरिनेछ।

(५) सदस्यको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

७. **प्रमुख कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था**: (१) प्राधिकरणको दैनिक प्रशासनिक कार्य सञ्चालन र प्राधिकरणद्वारा गरीने कार्य सम्पादन गर्न प्राधिकरणमा एक प्रमुख कार्यकारी निर्देशक रहनेछ।

(२) प्रमुख कार्यकारी निर्देशक प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक प्रमुख कार्यकारी पदमा नियुक्त हुन सक्नेछः

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ख) नियुक्त हुँदाको बखत पैंतिस वर्ष उमेर पूरा भएको,

(ग) अन्य प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

८. **छनौट सम्बन्धी व्यवस्था**: (१) दफा ७ बमोजिमको प्रमुख कार्यकारी निर्देशकको नियुक्ति गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ।

(क) प्रदेश योजना आयोगको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ग) प्रदेश सरकारले तोकेको कुनै मन्त्रालयको सचिव - सदस्य

(२) उपदफा (१) बमोजिमको छनौट समितिको सदस्यसचिव र सचिवालय समितिले तोके बमोजिम हुनेछ।

(३) प्रमुख कार्यकारी निर्देशकको पदमा काम गर्ने योग्यता प्राप्त इच्छुक व्यक्तिको लागि कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरिनेछ र त्यस्तो सूचना प्रकाशित भएको अवधिमा आवेदन दिने उम्मेदवार मध्येबाट कार्ययोजनाको आधारमा समितिले निर्धारण गरे बमोजिमको प्रक्रियाबाट सिफारिस गर्नेछ।

(४) कार्यकारी निर्देशन छनौट सम्बन्धी कार्यविधि छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>प्रमुख कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्था</u>**: (१) दफा ८ बमोजिमको छनौट समितिले योग्यतम तीन उम्मेदवारको सिफारिस गर्नेछ र त्यसरी सिफारिस गरिएका उम्मेदवारमध्ये एक जनालाई प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकले प्रमुख सचिवसँग तोकिए बमोजिमको कार्य सम्पादन करार गर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकको पदावधी चार वर्षको हुनेछ।

तर निजको कार्य सन्तोषजनक नभएमा प्रदेश सरकारले जुनसुकै वखत पदमुक्त गर्न सक्नेछ। यसरी पदमुक्त गर्दा सफाइको मौका दिइनेछ।

(४) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकले प्रदेश सरकारको मन्त्रालयको सचिव सरहको पारिश्रमिक सेवा र सुविधा पाउनेछ।

१०. **<u>प्रमुख कार्यकारी निर्देशक पदमुक्त तथा निलम्वन हुने अवस्था</u>**: (१) देहायको अवस्थामा प्रमुख कार्यकारी निर्देशकको पद रिक्त हुनेछः

(क) निजले आफ्नो पदबाट अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको काम सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा।

(२) खण्ड (ग) बमोजिम प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशकलाई निजको पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतमा मुद्दा चलेमा कार्यकारी निर्देशक स्वतः निलम्बन हुनेछ।

११. **<u>प्राधिकरणको बैठक सम्बन्धी कार्यविधि</u>**: (१) प्राधिकरणको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा सदस्य सचिवले बोलाउनेछ।

(२) प्राधिकरणको बैठकको अध्यक्षता प्राधिकरणको अध्यक्षले गर्नेछ।

(३) अध्यक्षले सम्बन्धित मन्त्रालयका मन्त्री, सचिव, नेपाल राष्ट्र बैंक प्रदेश कार्यालयका प्रमुख वा प्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकारका र स्थानीय तहका पदाधिकारी वा कुनै पनि अधिकृत वा कुनै स्वदेशी तथा विदेशी विशेषज्ञलाई प्राधिकरणको बैठकमा आमन्त्रण गर्न सक्नेछ तर विदेशी विशेषज्ञलाई आमन्त्रण गर्नु पर्दा नेपाल सरकारको अनुमति लिनु पर्नेछ।

(४) प्राधिकरणको निर्णय सदस्य सचिवले अभिलेख गरी प्रमाणित गर्नेछ र निर्णयको अभिलेख प्रति मुख्यमन्त्री र मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ।

(५) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u>ः** प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक, निजी, सहकारी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,

(ख) निजी क्षेत्रसंगको सहकार्यमा सम्भाव्य परियोजनाको विवरण संकलन गरी त्यस्ता परियोजनाको अध्ययन तथा परियोजनाको सूचि तयार गर्ने, गराउने,

(ग) सार्वजनिक, निजी, सहकारी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजना वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने, गराउने,

(घ) परियोजनाहरूको सूचि तयार गर्ने,

(ङ) निजी लगानी र स्वामित्वका ठूला परियोजनाहरुको स्वीकृति प्रदान गर्ने,

(च) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक वित्तिय क्षमता एवं समयमै परियोजना सम्पन्न गर्ने आधार मुल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सुचि तयार गर्ने प्रस्ताव आव्हान, प्रस्तावको मुल्याङ्कन, योजना स्वीकृति, लगानी स्वीकृति, अध्ययन, अनुमति, राइट अफ वे सम्बन्धी अनुमति इजाजत दिने वा स्वीकृती प्रदान गर्ने,

(छ) यस ऐन बमोजिम विशेष प्राथमिकताका परियोजनाका प्रस्तावकहरुसँग सोझै वार्ता गरी सम्झौता गर्ने, गराउने,

तर खण्ड (छ) बमोजिम सोझै वार्ताद्वारा सम्झौता गरी परियोजना निर्माण वा विकास गर्नु परेमा तोकिए बमोजिम प्रतिष्पर्धात्मक प्रकृया अपनाउनु पर्नेछ,

(ज) परियोजना निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा वित्त व्यवस्था सम्बन्धी आवश्यक कार्य गर्ने,

(झ) स्वीकृत परियोजनाको लागि आवश्यक पर्ने जग्गाको सम्बन्धमा प्रचलित कानून वा तोकिए बमोजिमको प्रकृया पुरा गरी जग्गा उपलब्ध गराउने,

(ञ) स्वीकृत परियोजना कार्यान्वयन गर्दा तोकिएको अवधी भित्र संघीय सरकार, प्रदेश सरकारका मन्त्रालय, निकाय वा स्थानिय तहबाट कुनै इजाजत नदिएमा इजाजत दिन वा दिलाउन आवश्यक कार्य गर्ने,

(ट) विदेशी लगानी प्रवर्धन गर्ने सम्बन्धमा संघीय सरकारको अनुमित लिई प्रचार प्रसार, विदेशी लगानीकर्तासँग अन्तरक्रिया छलफल एवं लगानी जुटाउन आवश्यक निर्देशन दिने लगायतका आवश्यक कार्य गर्ने,

(ठ) परियोजना विकास गर्न सक्ने योग्यता पुगेका लगानीकर्ताको सूचि अभिलेख तैयार गरी राखे र त्यस्तो अभिलेखिकृत लगानीकर्ता बिच प्रतिस्पर्धा गराई लगानीको वातावरण तैयार गर्ने,

(ड) कुनै परियोजनामा प्रदेश सरकारले लगानी गरी प्रतिफल समेत प्राप्त हुने भएमा आवश्यक अध्ययन गरी प्रदेश सरकारलाई नोक्सान नहुने तरिका अपनाई लगानी र प्रतिफल समुचित ढंगले प्राप्त हुने गरी परियोजना स्वीकृत गरी प्रदेश सरकारलाई लगानी गर्नका लागि राय सुझाव सहित सिफारिस गर्ने,

तर त्यस्तो लगानी सम्बन्धी निर्णय सार्वजनिकीकरण गर्नु पर्नेछ।

(ढ) परियोजना अध्ययन, वित्तिय लगानी, एकल विन्दु इकाइ लगायत आवश्यक संरचनाहरु स्थापित गर्ने,

(ण) सरकारी, निजी र सहकारी लगानीको प्रतिशत यकिन गर्ने र प्राप्त हुने प्रतिफल समेत निर्धारण गर्ने,

(त) आवश्यकता अनुसार परियोजना सर्भेक्षण गर्न अनुमति दिने,

(थ) परियोजना विकास सम्झौता र परियोजना लगानी सम्झौता लगायतका सहुलियत सम्झौता स्वीकृत गर्ने,

(द) प्राधिकरणको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ध) प्राधिकरणले दिने इजाजत अनुमति वा उपलव्ध गराउने सेवा वापतको शुल्क वा दस्तुर निर्धारण गर्ने,

(न) आर्थिक वा गैर आर्थिक सुविधा निर्धारण गरी त्यस्तो सुविधा उपलव्ध गराउन प्रदेश सरकारलाई सिफारिस गर्ने,

तर, त्यसरी सुविधा सिफारिस गर्दा निश्चित मापदण्डको आधारमा कार्यविधि तयार गरी सिफारिस गर्नुपर्नेछ,

(प) परियोजना विश्लेषण सम्बन्धी मापदण्ड तयार गर्ने, लगानीका शर्त निर्धारण गर्ने तथा लगानीकर्तासँग सम्झौता गर्ने, गराउने,

(फ) लगानी प्रवर्द्धनका लागि विभिन्न मन्त्रालय, सरकारी निकाय तथा स्थानीय तहबिच समन्वय गर्ने, गराउने,

(ब) परियोजनाहरुको शीघ्र निर्णय र समस्याको छिटो छरितो समाधान गर्ने,

(भ) लगानी प्रवर्द्धन इकाइ गठन गरी आवश्यक कार्य गर्ने,

(म) परियोजना संचालनमा कुनै बाधा अडचन आएमा त्यस्तो अडचन हटाउन आवश्यक कार्य गर्ने,

(य) आवश्यकता अनुसार लगानी सम्मेलनको आयोजना गरी वित्त व्यवस्थापन कार्यमा सहयोग गर्ने,

(र) आवश्यक प्राविधिक कर्मचारी वा विशेषज्ञलाई सेवा करारमा नियुक्त गरी काममा लगाउने,

(ल) तोकिएको समय र शर्तमा परियोजना कार्यान्वयन नभएमा त्यस्ता लगानीकर्ताको अनुमति रद्द गर्ने, जरिवाना वा क्षतिपूर्ती असुल उपर गर्ने, गराउने कार्य गर्ने,

(व) प्राधिकरणको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१३. **प्राधिकरणको कार्यालयः** (१) प्राधिकरणको नियमित कार्य सम्पादन गर्न प्राधिकरणले तोकेको स्थानमा एक सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरणको कार्यालय रहनेछ। त्यस्तो कार्यालयको लागि आवश्यक कर्मचारी, भौतिक, आर्थिक र अन्य व्यवस्थापन सम्बन्धी

आवश्यक व्यवस्था प्राधिकरण आफैले गर्नेछ। प्राधिकरण आफैले व्यवस्था नगरुञ्जेलसम्म प्रदेश सरकारले त्यस्तो व्यवस्था गर्नेछ र प्राधिकरणको कर्मचारी पदपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) कार्यालयले आवश्यक देखेमा अध्यक्षको स्वीकृति लिई सल्लाहकार वा विशेषज्ञको समूह गठन गर्न सक्नेछ।

▽(२क) कुनै परियोजनाको कामको सम्बन्धमा विशेषज्ञ वा विषयगत विज्ञ वा विज्ञ समूह वा विषयगत दक्षता भएको कुनै विज्ञ समूह आवश्यक भएमा प्राधिकरणले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी वा प्राधिकरणले तोकेको मापदण्ड सहितको निर्देशिका बमोजिम त्यस्तो विज्ञ वा विज्ञ समूह समेतको परामर्श सेवा लिन सक्नेछ।

(३) कार्यालयले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञ, उद्यमी, व्यवसायी, लगानीकर्ता, नेपाल सरकार वा प्रदेश सरकार र कुनै पनि निकायको अधिकृत वा कुनै पनि स्थानीय तहको पदाधिकारी वा अधिकृत, सरकारी स्वामित्वमा रहेको सङ्गठित संस्थाको कुनै अधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) परियोजना लगानीको जाँचबुझ तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि प्राधिकरणको सिफारिसमा प्रदेश सरकारले स्वीकृत गर्नेछ।

१४. **कार्यालयको काम, कर्तव्य र अधिकारः** कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणबाट स्वीकृत परियोजनामा लगानीकर्ताबाट प्रस्ताव प्राप्त गर्न प्रतिस्पर्धाका लागि तोकिए बमोजिम प्रस्ताव आह्वान गर्ने,

(ख) लगानीकर्ताले पेस गरेको लगानी सम्बन्धी प्रस्तावहरुको मूल्याङ्कन तथा परियोजना विश्लेषण गरी यथार्थ प्रतिवेदन प्राधिकरण समक्ष पेस गर्ने,

(ग) प्राधिकरणद्वारा स्वीकृत शर्तहरुको अधिनमा रही लगानीकर्तासँग वार्ता गरी सम्झौता गर्ने,

(घ) सम्झौता अनुरुप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई उत्प्रेरित गर्ने र आवश्यक निर्देशन दिने,

(ङ) परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समय तालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा त्यस्ता लगानीकर्तालाई सचेत गर्ने, गराउने त्यसरी सचेत गराउदा समेत समयमा कार्य नगरेमा अनुमति रद्द गर्न, जरिवाना गर्न वा क्षतिपूर्ती असुल उपर गर्न प्राधिकरण समक्ष सिफारिस गर्ने,

(च) परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्न आवश्यक कार्य गर्ने र सम्बन्धित निकाय वा तहसँग आवश्यक समन्वय गर्ने,

(छ) लगानीकर्तालाई दिइएका आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउन आवश्यक कार्य गर्ने वा सम्बन्धित निकायलाई निर्देशन दिने,

(ज) कुनै क्षेत्रमा दिइएको सुविधा पर्याप्त नभएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय सहित प्राधिकरण समक्ष प्रस्ताव पेस गर्ने,

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

(झ) प्राधिकरणले तोकेका अन्य कार्यहरु गर्ने।

१५. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार**: (१) कार्यकारी निर्देशकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालय प्रमुखको हैसियतमा रही कार्यसम्पादन गर्ने,

(ख) प्राधिरकणको बैठकमा प्रस्तुत गरिने प्रस्तावको सुचि तयार गर्ने,

(ग) परियोजनाको वित्तिय प्राविधिक र अन्य विषयको विश्लेषण गरी मुल्याङ्कन प्रतिवेदन सहित परियोजना स्वीकृतिका लागि पेस गर्ने,

(घ) प्राधिकरणबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) प्राधिकरण तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तैयार गरी स्वीकृतीका लागि प्राधिकरण समक्ष पेस गर्ने,

(च) प्राधिकरणबाट स्वीकृत भै कार्यान्वयन हुने परियोजनाको कार्य सम्पादन चुस्त, दुरुस्त र व्यवस्थित गर्न निरन्तर अनुगमन, समिक्षा र मुल्याङ्कन गरी वा गर्न लगाइ आवधिक रुपमा प्राधिकरण समक्ष प्रतिवेदन पेस गर्ने,

(छ) प्राधिकरणको अध्यक्षले तोके बमोजिम प्राधिकरणको बैठक बोलाउने,

(ज) प्राधिकरणले तोकेको अन्य कार्य गर्ने, गराउने ।

१६. **कोष सम्बन्धी व्यवस्था**: (१) प्राधिकरणको छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) प्रदेश सरकारले कोषको लागि विनियोजन गरेको रकम,

(ख) संघीय सरकारले प्रदान गरेको अनुदान वा अन्य रकम,

(ग) प्राधिकरणले सेवा पुऱ्याए बापत प्राप्त प्रचलित कानून बमोजिम विदेशी सरकार वा संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) यस ऐन बमोजिम प्राप्त हुने सेवा, शुल्क र दस्तुर वापतको रकम,

(ङ) प्रचलित कानून बमोजिम प्राप्त हुने अन्य रकम।

(३) कोषको संचालन तोकिए बमोजिम हुनेछ।

(४) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१७. **विशेषज्ञ समिति वा कार्यदल**: (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी प्राधिकरणलाई सुझाव दिन अध्यक्षको स्वीकृति लिई कार्यालयले सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यदलले कार्यालयले तोकेको विषयको अध्ययन गरी तोकेको समयावधिभित्र आफ्नो प्रतिवेदन कार्यालयमा बुझाउनेछ।

(३) विशेषज्ञ समिति वा कार्यदलको काम कारबाही सम्बन्धी कार्यविधि विशेषज्ञ समिति वा कार्यदल गठन गर्दाका बखत कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **परियोजना लगानीका क्षेत्र**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा सरकारी-निजी, सहकारी साझेदारी लगानीमा पूर्वाधार, उत्पादन र सेवा सम्बन्धी परियोजना संचालन गर्न प्राधिकरणबाट कार्यान्वयन गरिने परियोजनाहरु देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेश सरकारले तोकेको द्रूत सडक (फाष्ट ट्र्याक रोड), सुरुङ्गमार्ग, रेलमार्ग, रोप–वे, ट्रलिबस, केवलकार, जल यातायात र अन्य,

(ख) प्रदेश स्तरका विमानस्थल निर्माणमा हुने लगानी तथा सञ्चालनमा रहेका विमानस्थलको विस्तार, आधुनिकीकरण एवम् व्यवस्थापनमा हुने लगानी साथै प्रदेशस्तरीय बसपार्क र रिफ्रेस सेन्टरमा हुने लगानी,

(ग) शहरी क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन तथा प्रशोधन प्लाण्टमा हुने लगानी,

(घ) आधुनिक व्यवसाय जन्य कृषि फर्म, फलफूल, तरकारी, जडीबुटी, पशुपालन, मत्स्यपालन र नगदे बालीमा हुने लगानी,

(ङ) प्राङ्गगारिक तथा रासायनिक मल उत्पादन कारखानामा हुने लगानी,

(च) प्रदेश सरकारले तोकेका ठूला पुलको निर्माणमा हुने लगानी,

(छ) मेडिकल कलेज, आयुर्वैदिक र होमियोप्याथिक कलेज तथा एक सय शैयाभन्दा माथिका अत्याधुनिक सुविधायुक्त अस्पताल वा नर्सिङ्ग होममा हुने लगानी,

(ज) तोकिए बमोजिम क्षमताको जलविद्युत उत्पादन र बैकल्पिक उर्जा उत्पादनमा हुने लगानी,

(झ) विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन वा निर्यात प्रशोधन क्षेत्र, पर्यटन प्रवर्द्धन क्षेत्र, स्वदेशी उत्पादन, औद्योगिक क्षेत्र, प्रदेशस्तरको संग्रहालय वा सूचना प्रविधि तथा ज्ञानवर्धक पार्कको निर्माणमा हुने लगानी,

(ञ) आधुनिक रंगशाला, सार्वजनिक भवन र सम्मेलन केन्द्र निर्माणमा हुने लगानी,

(ट) स्थिर पूँजी दुई अर्व रूपैया वा सोभन्दा बढी परियोजना लागत भएको कुनै पनि सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण संरचना वा सेवा उद्योगमा हुने लगानी,

(ठ) प्रादेशिक स्तरको सडक सिचाई, खानेपानी, जलाशय र जलाधार क्षेत्रमा हुने लगानी,

(ड) खानिजन्य पर्दाथको अन्वेषण र उत्खनन् र उद्योग सञ्चालन,

(ढ) आधुनिक सहरहरु निर्माणमा हुने लगानी,

∇(ढ१) पोड वे, स्काई रेल, स्काई ट्रलीबस वा अन्य यस्तै प्रकारका आधुनिक सवारी साधन सञ्चालन सम्बन्धी वा विद्युतीय वा जैविक वा ग्याँस वा हाईड्रोजन उर्जाले सञ्चालन हुने यातायात साधन निर्माण गर्ने प्लाण्ट वा इन्धनबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारीमा रुपान्तरण गर्ने परियोजना,

∇(ढ२) डाटा सेन्टर स्थापना वा सूचना प्रविधि सम्बन्धी परियोजना,

∇(ढ३) सार्वजनिक बसपार्क, व्यापारिक कम्प्लेस सम्बन्धी परियोजना वा कृषि वा वनजन्य उत्पादन वा प्रशोधन लगायतका सञ्चालन सम्बन्धी परियोजना,

(ण) स्वदेशी बैज्ञानिकद्वारा आविस्कार गरिएका ज्ञान, सीपको संरक्षण तथा औद्योगिकीरणमा हुने लगानी,

---

∇ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

(त) ठूला विभिन्न किसिमका उद्योग।

**<u>स्पष्टीकरण:</u>** यस खण्डको प्रयोजनका लागि "सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण संरचना वा सेवा उद्योग" भन्नाले निर्माण उद्योग, खनिजजन्य उद्योग, पर्यटन उद्योग, हवाई उद्योग र सेवा जन्य उद्योग वा अन्य कुनै पनि उद्योगलाई समेत सम्झनु पर्छ।

(थ) खण्ड (क) देखि खण्ड (त) सम्म उल्लेख भएका देखि बाहेकका प्रदेश सरकारले तोकिदिएका अन्य प्राथमिकताका क्षेत्रमा हुने लगानी।

(२) उपदफा (१) मा परियोजनामा भएको लगानीका क्षेत्रमा काम गर्ने प्रक्रियामा कुनै किसिमको बाधा, अवरोध वा दुरुत्साहन भएको गुनासो प्राधिकरण समक्ष प्राप्त हुन आएमा त्यस्तो लगानीका सम्बन्धमा प्राधिकरणले आवश्यक निर्णय गरी सो बमोजिम गर्न सम्बन्धित तह वा निकायलाई निर्देशन दिन सक्नेछ र यस ऐन र अन्य प्रचलित कानून बमोजिम प्राप्त आदेश वा निर्देशन पालन नगर्ने निकाय अधिकारी वा व्यक्तिलाई कार्वाही गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ र आवश्यकता भए नेपाल सरकार समक्ष समेत अनुरोध गर्नेछ।

□१९. **सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको कार्यान्वयनः** (१) प्रदेश सरकारको क्षेत्राधिकारभित्र तथा प्रदेश स्तरमा विकास गरिने सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको सम्भाव्यता अध्ययनको कार्य प्राधिकरणले गर्नेछ। त्यस्ता परियोजना प्रस्ताव आह्वानको माध्यमबाट प्रतिस्पर्धाका आधारमा विकासकर्ता छनौट गरी कार्यान्वयन गरिनेछ।

(२) सार्वजनिक निकायले पहिचान तथा सूची स्वीकृत नगरेका सार्वजनिक निजी साझेदारी (पिपिपि) तथा निजी अवधारणाका कुनै परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययनको कार्य गरी परियोजना विकास गर्न चाहने विकासकर्ताले परियोजना आह्वान नगरिएका प्रस्ताव बमोजिम विकास गर्न चाहेमा त्यस्तो विकासकर्ता स्वयंले तोकिए बमोजिमको सर्त, दस्तुर र ढाँचामा प्राधिकरणमा निवेदन दिन सक्नेछ र त्यस्तो परियोजनाको कार्यान्वयन यस ऐन बमोजिम हुनेछ ।

(३) तोकिए बमोजिमको लागत अनुमान भएका सार्वजनिक निजी सहकारी साझेदारीमा निर्माण वा विकास गरिने परियोजनाको वा तोकिए बमोजिमको क्षमताका जलविद्युत आयोजनाको पहिचान, छनौट, अध्ययन, स्वीकृति, अनुमति तथा कार्यान्वयन वा इजाजत प्रदान गर्न र परियोजनाको लागि सूचना निकाल्ने, प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने, अनुगमन तथा सहजीकरण गर्ने कार्य सम्बन्धित मन्त्रालय वा सो मन्त्रालयले तोकेको प्रदेश सरकार अन्तर्गतको निकाय वा प्राधिकरणबाट हुनेछ र त्यस्ता परियोजनाको छनौट, सम्झौता र कार्यान्वयनको सहजीकरण प्राधिकरणले गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिम भन्दा कम लागत भएका परियोजना तथा तोकिए बमोजिम भन्दा कम क्षमता भएका जलविद्युत आयोजनाको पहिचान गरी सूचीकृत गरेको परियोजनालाई प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, निकाय वा कार्यालयले आपसी समझदारी पत्र तयार गरी परियोजनाको अध्ययन, अनुमति तथा कार्यान्वयन इजाजत प्रदान गर्नुको साथै कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने,

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

अनुगमन सहजीकरण गर्ने कुनै पनि निकाय वा यस ऐन बमोजिम प्राधिकरणलाई अख्तियारी दिन वा जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश अन्तर्गतका कुनै स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने कुनै परियोजना विकास गर्नका लागि स्वीकृति प्रदान गरी प्राधिकरणमा पठाएमा त्यस्तो परियोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम प्राधिकरणले निर्णय गर्न सक्नेछ।

(६) यस दफा बमोजिम परियोजना कार्यान्वयनको लागि नेपाल सरकारको मन्त्रालय वा अन्तर्गतको निकाय र प्रदेश सरकारको मन्त्रालय वा अन्तर्गतको निकायसँग सहकार्य तथा सम्पर्क आवश्यक भएमा सो सम्बन्धी कार्यको सम्पादन कार्यालय वा प्राधिकरण वा प्रदेश सरकारमार्फत हुनेछ।

२०. **वार्ताद्वारा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययनको कार्य गराई ईच्छुक विकासकर्ताबाट परियोजना कार्यान्वयन गर्न सकिनेछः-

(क) प्रस्ताव आह्वान गरिएकोमा विकासकर्ता छनौट हुन नसकेको वा,

(ख) प्रदेश सरकारले प्राथमिकतामा राखेको वा,

(ग) प्रदेश योजना आयोगले प्राथमिकतामा राखेको वा,

(घ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा परेको वा,

(ङ) विकासकर्ताले प्रारम्भिक अध्ययन गरी सम्पूर्ण खर्च आफैंले व्यहोर्ने सर्तमा विस्तृत सम्भाव्यता अध्ययन गर्न ईच्छुक भई प्राधिकरण समक्ष निवेदन दिएको परियोजना वा,

(च) कुनै कारणबाट वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखी प्राधिकरणले निर्णय गरेको।

(२) उपदफा (१) बमोजिमका कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न चाहने विकासकर्ता व्यक्ति, संस्था वा कम्पनीले अनुमतिको लागि सम्बन्धित निकाय वा प्राधिकरण समक्ष निवदेन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा सम्बन्धित निकायले वा प्राधिकरणले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न, गराउन अनुमति दिन सक्नेछ।

तर विदेशी लगानीको हकमा प्रचलित कानून बमोजिम संघीय सरकारको अनुमति लिई परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न वा गराउन अनुमति दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा, गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति, संस्था वा कम्पनी स्वयमले बेहोर्नु पर्नेछ।

(५) विस्तृत सम्भाव्यता अध्ययन गर्न वा गराउन अनुमति प्रदान गर्दा तोकिए बमोजिमको दस्तुर तथा कार्यसम्पादन जमानत लिई विकासकर्तासँग समझदारीपत्र सम्पन्न गरिनेछ।

(६) उपदफा (५) बमोजिम समझदारी गरिएको विकासकर्ताले पेस गरेको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तोकिए वमोजिम कार्यालयले मूल्याङ्कन गरी प्राधिकरणमा पेस गरिनेछ।

(७) उपदफा (६) बमोजिम पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राधिकरणले स्वीकृत गर्न सक्नेछ र विकासकर्तासँग वार्ता गर्न वार्ता टोली गठन गरी वार्ताद्धारा परियोजना कार्यान्वयन गर्न सम्झौता गर्न सक्नेछ र वार्तामा छलफलको बुँदागत नोट सम्झौतामा समावेश गरिनेछ।

□२१. **परियोजनाको सम्भाव्यता अध्ययन तथा सूची प्रकाशन गर्ने**ः (१) यस ऐन बमोजिम परियोजनाको विकास सञ्चालन तथा कार्यान्वयनका लागि प्राधिकरणको निर्णयका आधारमा कुनै परियोजनाको तोकिएको कार्यविधि वा प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गरी परियोजनाको सम्भाव्यता अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गरिएका परियोजना प्रस्ताव आव्हान गर्ने प्रयोजन वा कुनै अवधारणा तथा अन्य तरिकाबाट यस ऐन बमोजिम विकास सञ्चालन तथा कार्यान्वयन गर्न कार्यालयले स्वीकृतिका लागि प्राधिकरणमा पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यालयले स्वीकृतिका लागि प्राधिकरणमा पेस गरेका परियोजना स्वीकृत भएमा कार्यालयले परियोजनाको सूची प्रकाशन गर्नु पर्नेछ।

२२. **आशयपत्र आव्हान गर्नु पर्ने**ः (१) स्वीकृत परियोजनाको अध्ययन, अनुमति, सर्वेक्षण वा कार्यान्वयनको लागि प्राधिकरणले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आशयपत्र आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेस गर्ने कार्यालय वा प्राधिकरण,

(ख) आशयपत्र पेस गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु, प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(ङ) तोकिए बमोजिमको अन्य विवरण।

२३. **आशयपत्र पेस गर्ने**ः परियोजनाको अध्ययन, अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्ति, संस्था वा कम्पनीले तोकिए बमोजिमको सर्तका अधीनमा रही सूचनामा उल्लेखित अवधिभित्र प्राधिकरण समक्ष आशयपत्र पेस गर्नु पर्नेछ।

२४. **संक्षिप्त सूची तयार गर्ने**ः यस ऐन बमोजिम आशयपत्र प्राप्त भए पश्चात प्राधिकरणले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरि तोकिएको प्रकृया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूचि तयार गर्नु पर्नेछ।

२५. **प्रस्ताव आव्हान गर्ने**ः (१) यस ऐनबमोजिम संक्षिप्त सूची तयार गरेपछि प्राधिकरणले सार्वजनिक सुचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमको विषयहरु खुलाई प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र प्राधिकरण समक्ष प्रास्ताव पेस गर्नु पर्नेछ।

२६. **प्रस्ताव छनौट गर्ने**ः (१) यस ऐन बमोजिम प्रस्ताव प्राप्त भएपछि प्राधिकरणले तोकिएको मूल्याङ्कन समिति गठन गरि तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ र त्यस्तो प्रस्ताव

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

छनौट गर्दा तोकिएको अवधि भित्र परियोजना सम्पन्न गर्ने तथा गुणस्तर कायम हुने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(क) समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) सम्बन्धित प्राधिकरणलाई बुझाउने प्रस्तावित रोयल्टी रकम, परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महशुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव,

(ग) परियोजना कार्यान्वयन गर्दा प्रभावित क्षेत्र र प्रभावित क्षेत्रका जनतालाई प्रदान गर्नु पर्ने सेवा सुविधा सम्बन्धी प्रस्ताव,

(घ) प्रस्ताव छनौटका लागि मूल्याङ्कन गर्ने अन्य आधार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरू समेत आवश्यकता अनुसार प्राधिकरणले उल्लेख गरेको हुनुपर्नेछ।

(३) प्रस्ताव छनौट गरेपछि प्राधिकरणले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ।

२७. **<u>निजी र सहकारी लगानी सम्बन्धी व्यवस्था</u>:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए भन्दा माथिको प्रचलित कानून बमोजिमको परियोजना लगानी हुने निजी र सहकारी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन गरिने र अविछिन्न रुपमा निजी र सहकारी क्षेत्रको स्वामित्व रहने कुनै पनि परियोजनाको सर्वेक्षण, सहजिकरण तथा लगानीको स्वीकृति यस ऐन अन्तर्गत लगानी प्राधिकरणबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिम निजी र सहकारी लगानी सम्बन्धी परियोजनाहरूको लागि तोकिए बमोजिमको आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिनेछ।

२८. **<u>परियोजना पहिचान</u>:** निजी लगानीमा कार्यान्वयन गर्न सक्ने तोकिए भन्दा माथिका परियोजनाहरू आवश्यकता अनुसार कार्यालयले सम्बन्धित निकाय, निजी क्षेत्र तथा अन्य निकायसँगको समन्वय तथा सहकार्य गरी परियोजनाको सूचि तयार गरी स्वीकृतिका लागि प्राधिकरण समक्ष पेस गर्नेछ।

२९. **<u>परियोजना स्वीकृत गराउनु पर्ने</u>:** (१) यस ऐन बमोजिम कार्यालयले पहिचान गरी सिफारिस गरेको परियोजना तथा अन्य निजी लगानीमा कार्यान्वयन गरिने परियोजना समेत स्वीकृतका लागि प्राधिकरण समक्ष पेस गर्नु पर्नेछ।

३०. सम्झौता सम्पन्न गर्नेः (१) यस ऐन बमोजिम प्रस्ताव स्वीकृत भएमा परियोजना कार्यान्वयनका लागि तोकिए बमोजिमका विवरण सम्बन्धित विकासकर्तासँग माग गरी वार्ता गरिनेछ र वार्ता सम्पन्न भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको सर्त र ढाँचामा सम्झौता गरी परियोजना कार्यान्वयनका लागि अनुमति प्रदान गरिनेछ।

(२) परियोजना कार्यान्वयनका लागि सम्झौता गर्दा सम्झौता अनुसार परियोजना सञ्चालनका लागि प्रचलित कानून अनुसार सञ्चालन अनुमतिपत्र वा कन्सेसन अवधि विकासकर्तालाई प्रदान गरिनेछ र त्यस्तो अनुमतिको अवधि सम्झौता अवधि भन्दा बढी हुन सक्ने छैन।

तर विशेष कारण देखिएमा आधार र कारण खोली त्यस्ता अनुमतिको अवधिको दश प्रतिशतसम्म बढाउन सकिनेछ।

३१. **परियोजना कार्यान्वयन गर्ने प्रक्रियाः** (१) सार्वजनिक, निजी, सहकारी साझेदारी बमोजिम परियोजना कार्यान्वयन गर्न देहायको प्रकृया अपनाइनेछ।

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण हस्तान्तरण तथा सञ्चालन।

[∇](ङ) प्राधिकरणले तोकेको अन्य प्रक्रिया।

(२) उपदफा (१) कार्यान्वयन गर्दा कार्यविधी निर्माण गरी गर्नु पर्नेछ।

३२. **प्राधिकरण समक्ष निवेदन दिनेः** (१) यस ऐन बमोजिम छनौट भएका परियोजनामा सार्वजनिक, निजी, सहकारी साझेदारीमा लगानी गर्न चाहने कसैले यस ऐन बमोजिम परियोजनामा लगानीको प्रस्ताव सहित प्राधिकरण समक्ष तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएकोमा कार्यालयले त्यसको प्रारम्भिक मूल्याङ्कन गरी प्रस्तावित लगानी परियोजना उपयुक्त देखिएमा पन्ध्र दिनभित्र परियोजना लगानीको वित्तीय, वातावरणीय, प्राविधिक र सामाजिक पक्षको प्रारम्भिक जाँचबुझ तथा मूल्याङ्कनको प्रक्रिया शुरु गर्नेछ र साठी दिनभित्र आवश्यक मूल्याङ्कन गरी परियोजना लगानी स्वीकृत गर्न वा नगर्न कार्यालयले प्राधिकरण समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्नु अघि प्रस्तावित परियोजनामा लगानीको कुनै प्राविधिक पक्षको विषयमा अध्ययन, विश्लेषण वा जाँचबुझ गर्नु पर्ने देखिएमा कार्यालयले दफा १७ बमोजिम विशेषज्ञ समिति वा कार्यदल मार्फत गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम लगानी गर्न सिफारिस प्राप्त भएको पन्ध्र दिनभित्र प्राधिकरणले परियोजना लगानी शर्त सहित स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी निवेदकलाई निणर्य भएको सात दिनभित्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदकलाई जानकारी दिनु अघि सम्बन्धित निवेदकसँग वार्ता गर्न आवश्यक देखिएमा प्राधिकरणले कार्यालयमार्फत सम्बन्धित निवेदकसँग तोकिए बमोजिम वार्ता गर्न सक्नेछ।

(६) परियोजनाको छनौट, स्विकृति कार्यसञ्चालन अनुमति वा इजाजत पत्र सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) कुनै लगानीकर्ताले यस ऐन बमोजिमको सम्पूर्ण प्रक्रिया पूरा नगरी परियोजना निर्माण वा सञ्चालनको कार्य शुरु गरेमा प्राधिकरणले देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछः

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र रद्द गर्ने,

(ग) परियोजनालाई आफ्नो नियन्त्रणमा लिई सम्पत्ति जफत गर्ने,

---

[∇] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

(घ) तोकिए बमोजिम जरिवाना गर्ने।

३३. **अन्य निकायबाट सञ्चालन गरिने परियोजनाः** अन्य निकाय वा कार्यालयबाट सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानीमा सञ्चालन गरिने परियोजना सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३४. **रीत पुगेको मानिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्राधिकरणबाट परियोजना लगानी स्वीकृत भई यस ऐनबमोजिम वा तोकिए बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्‍याई जारी भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका सर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र त्यस्तो शर्तको प्रतिकूल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन।

३५. **कानून बमोजिमको सुविधा पाउनेः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेको लगानीकर्ताले यस ऐन बमोजिमको सुविधाको व्यवसाय वा लगानीकर्ताले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून वा अन्य कुनै कानून बमोजिम पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ। तर एउटै परियोजनामा दोहोरो सुविधा लिन पाईने छैन।

□३६. **परियोजना स्वीकृति सम्बन्धी विशेष व्यवस्थाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले सार्वजनिक रुपमा प्रस्ताव आह्वान गर्दा पनि प्रस्ताव छनौट नभएमा वा प्रदेश सरकारले प्रदेशको विशेष प्राथमिकता क्षेत्रको परियोजना भनी निर्णय गरेको कुनै परियोजनाको सम्भाव्यता अध्ययन गर्न तथा परियोजना विकास सञ्चालन तथा कार्यान्वयन गर्न इच्छुक विकासकर्तासँग निवेदन लिई सोझै वार्ताद्वारा अनुमति दिन र सम्झौता गरी निर्माण तथा सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेछ।

३७. **प्राधिकरणले थप सुविधा उपलब्ध गराउन सक्नेः** (१) कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी प्रदेश सरकारलाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई प्राधिकरणले तोकिए बमोजिम थप आर्थिक तथा गैरआर्थिक प्रोत्साहन प्रदान गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

तर प्राधिकरणले यस ऐन बमोजिम अनुमति दिँदाका बखत दिइएको सुविधाको दुरूपयोग भएको ठहर गरेमा त्यस्तो सुविधा घटाउन वा रद्द गर्न सक्नेछ तर सुविधा घटाउदा वा रद्द गर्दा लगानीकर्तालाई सफाईको मौका दिईनेछ।

(२) न्यून आय भएका समूह, स्वदेशी श्रम र सिपमा आधारित परम्परागत उत्पादनका क्षेत्र, कृषि, पशु, पर्यटन क्षेत्रका परियोजनामा न्यून आय भएका लगानीकर्तालाई प्रदेश सरकारले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

३८. **लगानीको सुरक्षा र संरक्षणः** (१) यस ऐन अन्तर्गत भएको लगानीलाई अनुमतिपत्रमा प्रदान गरिएको समय अवधिभर राष्ट्रियकरणको प्रक्रियामा लगिने छैन।

(२) प्रतिस्पर्धात्मक आधारमा अनुमति पाएका लगानीकर्तालाई प्रतिकूल असर पार्ने गरी सोही क्षेत्रमा र सोही प्रकृतिको अर्को लगानीलाई तोकिएको अवधिसम्म अनुमति दिईने छैन।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

(३) अनुमतिपत्रमा अन्यथा भएकोमा बाहेक एक पटक अनुमतिपत्र जारी भएपछि सामान्यतया त्यसका शर्त थपघट गर्न सकिनेछैन तर थपघट गर्न परेमा आवश्यकता र औचित्यको पुष्टी हुने गरी थपघट गरिने छ तर थपघट गर्दा लगानीकर्तालाई हानी नोक्सानीनहुने गरी थपघट गर्नु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा २७३ बमोजिम संकटकालीन अवस्था घोषणा भएका बखत उपदफा (१) बमोजिमको प्रावधानमा परिवर्तन आउन सक्नेछ तर नेपालको संविधानको धारा २७३ बमोजिम संकटकालीन अवस्थाको घोषणा भएमा उपदफा (१) को व्यवस्था आकर्षित हुन सक्ने छैन्।

(५) सम्झौता भएका परियोजना र लगानीको सुरक्षा र संरक्षण गर्ने दायित्व प्रदेश सरकारको हुनेछ।

३९. **<u>एकल बिन्दु सेवा</u>ः** यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना इजाजतपत्र, सर्भेक्षण अनुमति, सम्झदारीपत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्य गर्ने प्रयोजन तथा परियोजनालाई सहयोग एवं सहजीकरणका लागि कार्यालयमा एक एकल बिन्दु सेवा इकाई स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको एकल बिन्दु सेवा इकाईमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान लगायतका निकायबाट सम्बन्धित कार्यालयको प्रतिनिधित्व हुने गरी पूरा वा आंशिक रुपमा काम गर्ने गरी कर्मचारी रहनेछन्।

(३) एकल बिन्दु सेवा इकाइको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

[▽]३९क. **<u>जग्गा व्यवस्थापनः</u>** (१) विकासकर्ताले परियोजनाका लागि आवश्यक जग्गाको व्यवस्थापन आफैं गर्नुपर्नेछ ।

(२) विकासकर्ताले अनुरोध गरेमा कानुन बमोजिम परियोजनाको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन प्रदेश सरकारले सहजीकरण गरी व्यवस्था गर्न सक्नेछ।

३९ख. **<u>सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था</u>ः** (१) प्रदेश सरकारले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय क्षमताको दृष्टिकोणले तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तार गर्न आवश्यक देखिएमा विकासकर्तालाई सहयोग उपलब्ध गराउने प्रयोजनका लागि प्राधिकरणमा एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोषको स्थापना गर्नेछ र त्यस्तो कोषमा प्रत्येक वर्ष बजेट विनियोजन हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट आवश्यक कोष सहितको निर्देशिका प्रदेश सरकारबाट स्वीकृत गराई प्राधिकरणले तोकेका परियोजनाको लागि आवश्यक रकम पूँजिगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सकिनेछ। त्यसरी उपलब्ध गराउँदा प्रतिफल प्राप्त हुन सक्ने विषयमा समेत ध्यान पुऱ्याउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफा बमोजिमको सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोषको व्यवस्था नभएसम्म लागि प्रदेश सरकारले निर्णय गरेका वा यस ऐन बमोजिम विकास गरिने उर्जा,

---

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

भौतिक तथा पर्यटन पूर्वाधार जस्ता विकास निर्माणका दृष्टिले सम्भाव्य देखिएका परियोजनामा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिई सम्बन्धित मन्त्रालय वा प्राधिकरणले त्यस्ता परियोजनामा सार्वजनिक वा सामुदायिक वा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सर्त तथा प्रक्रिया निर्धारण गरी लगानी गर्न सक्नेछ।

४०. **रोयल्टी बुझाउनु पर्ने**: अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा कम्पनीले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित शर्त अनुसार बुझाउनु पर्नेछ।

४१. **परियोजना र प्रविधि हस्तान्तरण गर्नु पर्ने**: □(१) सार्वजनिक, निजी, सहकारी साझेदारीबाट कार्यान्वयन भएका परियोजना र सम्झौताको अवधि समाप्त भएपछि जुन तहको सरकारसँग सम्झौता भई कार्यान्वयन भएको हो सोही तहको सरकारको सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना र प्रविधि हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपरकण, संरचना तथा अन्य यस्तै प्रकारका बस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनु पर्नेछ।

(३) परियोजना र प्रविधि हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **बाधा अड्काउ फुकाउने**: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा प्रदेश सरकारले प्रचलित कानून र यो ऐन विपरीत नहुनेगरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४३. **यसै ऐन बमोजिम हुने**: यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ। यस ऐनको कुनै प्रावधान संघीय कानूनसंग बाझिएको हदसम्म खारेज हुनेछ।

४४. **प्रदेश सरकारसँग सम्पर्क**: प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राख्नु पर्नेछ।

४५. **नियम बनाउने अधिकार**: (१) यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ। यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्राधिकरणले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले लगानीलाई प्रदेशमा आकर्षण र प्रवर्द्धन गर्न, छुट मिनाहा, सहुलियत, जग्गा प्राप्ति लगायतका निर्णय तोकिए बमोजिम गर्न सक्नेछ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित